महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८१/८२

## सिलीचोङ गाउँपालिका, संखुवासभा

## ८०१०४५०५३००

## सिलीचोङ गाउँपालिका , संखुवासभा

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८२/८३ मिति : २०८२-६-२५

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
सिलीचोङ गाउँपालिका, संखुवासभा ,
सिलीचोङ गाउँपालिका , संखुवासभा

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को एकीकृत वित्तीय विवरण तथा सोसँग सम्बन्धित अनुसूची, टिप्पणीहरू तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८२।०५।०४ मा छलफल पश्चात् तयार गरिएको पाना 48(अड्चालिस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ। कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षणको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित ब्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फर्स्योट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फर्स्योट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने ब्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

उमेश सुवेदी
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौ,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, संखुवासभा,
sankhuwasabha.dtco@fcgo.gov.np
श्री प्रदेश लेखा एकाइ कार्यालय, संखुवासभा,
sankhuwasabha.dtco@fcgo.gov.np

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्बेश्य रहेको छ । यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल ५०१.८९ वर्ग किलोमिटर तथा १०२९६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्बेश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्बेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्बेश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०४।२९ देखि २०८२।०४।३१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु.८८,०४,४०,०२४.४८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३०३५० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | राजस्व दाखिला (एम्बुलेन्सको आम्दानी) | ३०३५० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ

मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२०,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।०८२ मा रु.२४,६१,५९२ अर्थात अनुमान भन्दा १२३ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

३ **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

४ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३७३६२०५८९.१२ | २४,६१,५९२ | ०.६६ |

पर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.६६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स. | आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | ० | ११३०८९२. | ० |
| २ | ११३१४ - भुमिकर/मालपोत | ८०००००. | ४२० | ० |
| ३ | ११३१७ - वहाल कर | १०००००. | ९७,०५०.०० | ९७ |
| ४ | ११४५१ - सवारी साधन कर (साना सवारी) | ० | १२,३००.०० | ० |
| ५ | ११४५२ - पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | ५९,७००.०० | ० |
| ६ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | १४,३४०.०० | ० |
| ७ | ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ३५,४८७.०० | ० |
| ८ | ११६९१ - अन्य कर | ० | ४,९३०.०० | ० |
| ९ | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ३६,०००.०० | ० |
| १० | १४२११ - कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | ९,३४०.०० | ० |
| ११ | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ० | १,४००.०० | ० |
| १२ | १४२२४ - परीक्षा शुल्क | ५०,०००.०० | १४,८००.०० | ३० |
| १३ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ० | ४६,७००.०० | ० |
| १४ | १४२४२ - नक्सापास दस्तुर | ० | २४० | ० |
| १५ | १४२४३ - सिफारिश दस्तुर | ३०००००. | ३७४९९०. | १२५ |
| १६ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ३०००००. | १६००२०. | ५३ |
| १७ | १४२४५ - नाता प्रमाणित दस्तुर | १०००००. | १६,६८०.०० | १७ |
| १८ | १४२४९ - अन्य दस्तुर | २०००००. | ७४,९८०.०० | ३७ |
| १९ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५०,०००.०० | १७७२७१. | ३५५ |
| २० | १४५२९ - अन्य राजस्व | ० | १८३९६२. | ० |
| २१ | १४६११ - व्यवसाय कर | १०००००. | १०,०९०.०० | १० |
| जम्मा | | २००००००. | २४६१५९२. | १२३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

६ **व्यवसाय कर**

यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१००९० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **मर्मत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८२ मा मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६(१) सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भए सोको लिखित जानकारी त्यस्तो मालसामानको उपयोगकर्ताले सो निकायको प्रमुखलाई दिनु पर्नेछ । त्यसरी जानकारी प्राप्त भएपछि निजले नियम १३ को उपनियम(५) बमोजिम लागत अनुमान तयार गराई स्वीकृत गर्नु पर्नेछ । जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गर्ने वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । ।पालिकाले यस कार्यालयमा ४ पाङ्ग्रे २ वटा र मोटरसाइकल २० वटा भएकोमा सवारी साधनका लागि रु १६०००००० मर्मतमा खर्च गरेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

८ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शीर्षकवाट खाना खाजा लगायत विविध कार्यक्रममा रु २२५६००० खर्च गरेको छ जुन पालिकाको सो आ व को आन्तरीक आयको करीव ९२ प्रतिशत (आन्तरीक आय २४६१५92 ) हुन्छ भने खर्चका प्रमाण हेर्दा अधिकांश होटल वील मात्र आएको देखिन्छ । पालिकाले त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा खर्च भएको पालिकाले जानाकारी गराएको छ।।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।केही उदाहरण तपसिल छन् ।

| गो भौ नं मिति | भुक्तानि रु | |
|---|---|---|
| ४४।२०८१।०७।०४ | १६४९५० | |
| २२२।२०८१।११।१९ | २८०९५० | |
| ४४३९५।२०८२।०२।१९ | १९८०६० | |
| ६१०।२०८२।०३।१८ | ३१०५५० | सभा संचालन खर्च |

सैद्धान्तिक बेरुजु

९ **ईन्धन खर्च**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०८१ को बुँदा नं ४९ मा सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीहरुले निश्चित मापदण्डको आधारमा न्युनतम तथा थप ईन्धन सुविधा पाउने ब्यवस्था रहेको छ ।सोहि ब्यवस्था बमोजिम २ पाङ्गे सवारीको हकमा मासिक १२ लि पेट्रोल तथा ४ पाङ्गेको हकमा अधिकतम १७५ लि सम्मको ईन्धन सुविधाको ब्यवस्था रहेको छ ।यस गाउँपालिकामा आ व २०८१।८२ मा ४ पाङ्ग्रे २ वटा र मोटरसाइकल २० वटा भएकोमा सवारी साधनका लागि रु १४९१००० खर्च गरेको देखिन्छ।पालिकाले प्रचलित कानुन तथा आफ्नो आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधार र कार्यालयको कार्यबोझको आधार समेत एकिन गरी पदाधिकारी तथा कर्मचारीलाई सवारी साधनको लागी पाउने ईन्धन सुविधा सम्वन्धमा मापदण्ड, कार्यविधि बनाउनु पर्नेमा,सो बनाएको छैन । कार्यालयले इन्धन खपत गर्दा सवारी साधनको लगबुक राखी इन्धन खपतलाई नियन्त्रण गर्नुपर्नेमा सवारी साधनको लगबुक राखी कर्मचारीहरुको इन्धन बिलको भुक्तानी दिने गरेको भएता पनि इन्धन खपतमा नियन्त्रणको अवस्था देखिदैन ।गााउपालिकाले मासिक रुपमा प्रत्येक कर्मचारीले के कति इन्धन खपत गर्न पाउने हो सो को ष्पस्ट स्मापदण्ड निर्धारण गरी सवारी लगबुकका आधारमा मासिक इन्धन प्रदान गर्नुपर्ने ब्यवस्था अवलम्वन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१० **मसलन्द तथा कार्यालय सामाग्री**

सार्वजिक खरीद ऐन २०६३ तथा नियमावलि २०६४ बमोजिमको खरीद गर्दा पालिकाले खरीद आवश्यकताको पहिचान गर्ने,तोकीए बमोजिमको लागत अनुमान तयार गरी बार्षिक खरीद योजनाका आधारमा खरीद गर्नपर्ने देखिन्छ । यस्तो खरीद सार्वजनिक खर्चमा मितब्ययिता तथा प्रभावकारीता कायम गर्ने निर्देशिकाको पुर्ण परिपालना गरी हुनुपर्नेमा यस बर्ष पालिकाले रु २२००००० बराबरको मसलन्द तथा सामाग्री खरीद गरेको देखिन्छ भने कार्यक्रमगत रुपमा पनि स्टेशनरी खरीद गरेको देखिएकोले ब्यवस्थित खरीद ईकाईको गठन गरी खरीदको प्रभावकारी ब्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११ **लोडर,आम्दानी र खर्च**

पालिकाले गाँउपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ को प्रयोग गरी ब्याकुलोडर सञ्चालन कार्यविधि २०७८ को तर्जुमा गरी मिति २०७८।०४।०३ मा स्वीकृत गरी कार्यान्वयन गरेको देखिन्छ । गत वर्ष पालिकामा रहेको ब्याकुलोडर को आम्दानि रु १०७७०० तथा ईन्धन १०१०१ लि डिजेल खर्च भएको अभिलेखवाट देखिन्छ । पालिकाले तर्जुमा गरेको सञ्चालन कार्यविधिको अनुसुचि ४ मा प्रयोगकर्ताले ईन्धन उपलब्ध गराएको अवस्थामा रु १५०० प्रतिघन्टा तथा पालिकाले आफ्नो ईन्धनको प्रयोगले सार्वजनिक निर्माण सम्वन्धि कामका लागि रु ३००० प्रतिघण्टा तोकेको अवस्थामा आम्दानी तथा ईन्धनको खपतवाट के कति काम भएको हो विश्लेषण गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

१२ **फरक खर्च शीर्षक**

स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३( ७ )मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। पालिकोले निम्नानुसार फरक खर्च शिर्षक वाट भुक्तानी गरेको अनियमित रु

| गो भौ न | विवरण | खर्च लेख्नु पर्ने शिर्षक | खर्च लेखेको शिर्षक | रकम |
|---|---|---|---|---|
| २५७ | मसलन्द खरीद | आयोजना ब्यवस्थापन खर्च | मसलन्द खरीद | १३५३७० |
| ५७९ | मसलन्द खरीद | मेसिनरी तथा औजार मर्मत | मसलन्द खरीद | १२३८१० |

| अनियमित भएको | २,५९,१८० |
|---|---|

१३ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को आधारमा सिलिचोङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्वन्धी कार्यविधी २०७६ को तर्जुमा गरी सो ब्यवस्था बमोजिम बजेटमा कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षक बाट जम्मा रु २०३३०००(आन्तरीक आयको ८२.50 प्रतिशत ) राजश्व बाडफाड प्राप्त सोत बाट प्रोत्साहन भत्तामा खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आय रु. २४६१५९२। रहेकोमा सोको ८२।५९ प्रतिशत बराबर रकम प्रोत्साहन भत्ताको खर्च हुन जान्छ। तसर्थ पालिकाले आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी

कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले यस वर्ष स्वास्थ्य बीमाको सफ्टवेयर खरीद शीर्षकमा रु ४४०००० । भुक्तानी गरेकोमा यसरी खरिद भएको एकीकृत सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिएर मात्र प्रयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **उपभोक्ता समिति मार्फत खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारि खरिद कार्य गर्न नहुने कुरा उल्लेख छ । पालिकाले देहायबमोजिम खरिद कार्य गराउँदा उपभोक्ता समिति मार्फत गरेको कारण प्रतिस्पर्धा सीमित हुन गइ खरिद कार्य मितव्ययी भएको सम्बन्धमा आश्वस्त हुने अवस्था रहेको देखिएन । तसर्थ पालिकाले यसतर्फ ध्यान पुर्याउनु पर्दछ ।

| गो.भौ.नं. र मिति | योजनाको नाम | उपभोक्ता समिति | मालसामानको विवरण | खरिद रकम |
|---|---|---|---|---|
| ४०।२०८१। ११।१२ | लम्मुवा खानेपानी मर्मत योजना | लम्मुवा खानेपानी मर्मत योजना उपभोक्ता समिति | विभिन्न साईजका एचडिपीई पाइप | ९४०७२ |
| ४७।२०८१। ११।१९ | रियाम्मा खानेपानी निर्माण योजना | रियाम्मा खानेपानी निर्माण योजना उपभोक्ता समिति | 50mm HDPE Pipe PN-16 र जि आई युनियन | २१२८८० |
| ९६।२०८२। ०१।२३ | चिर्खुवा माक्रुप खानेपानी निर्माण योजना | चिर्खुवा माक्रुप खानेपानी निर्माण योजना उपभोक्ता समिति | विभिन्न साईजका एचडिपीई पाइप र फिटिङ्ग सामग्री | २५९३८४ |
| ९७।२०८२। ०१।२३ | पेलुम्बा खानेपानी निर्माण योजना | पेलुम्बा खानेपानी निर्माण योजना उपभोक्ता समिति | विभिन्न साईजका एचडिपीई पाइप र फिटिङ्ग सामग्री | ३०८९०० |
| १३८।२०८२। ०२।१४ | बाला ६ खानेपानी मर्मत योजना | बाला ६ खानेपानी मर्मत योजना उपभोक्ता समिति | 40mm HDPE Pipe PN-12.5 र फिटिङ्ग सामग्री | ३६१६२९ |
| १५३।२०८२। ०२।२७ | गोगने खानेपानी निर्माण योजना | गोगने खानेपानी निर्माण योजना उपभोक्ता समिति | 50mm HDPE Pipe PN-16 र जि आई युनियन | ३२००२५ |
| १५४।२०८२। ०२।२७ | डाँडाटोल खानेपानी निर्माण योजना | डाँडाटोल खानेपानी निर्माण योजना उपभोक्ता समिति | 50mm HDPE Pipe PN-16 र जि आई युनियन | ४५७४९१ |
| २१९।२०८२। ०३।१६ | बुधबारे सिसुवाटार खानेपानी योजना | बुधबारे सिसुवाटार खानेपानी योजना उपभोक्ता समिति | विभिन्न साईजका एचडिपीई पाइप र फिटिङ्ग सामग्री | १७२६७० |
| जम्मा | | | | २१८७०५१ |

सैद्धान्तिक बेरुजु

१७ **जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड

टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १८९।०३।१० | देबदह फलामे पुल निर्माण योजना उपभोक्ता समिति | देबदह फलामे पुल निर्माण योजना | ४९९०२१ |
| १७१।०२।२९ | श्री मिश्रित मिलन सामुदायिक भवन मर्मत योजना उपभोक्ता समिति | श्री मिश्रित मिलन सामुदायिक भवन मर्मत योजना | ४००००० |
| ६७।११।२७ | तोम्बे सडक ट्र्याक ओपन निर्माण योजना उपभोक्ता समिति | तोम्बे सडक ट्र्याक ओपन निर्माण योजना | २७९८८१२ |
| ०८।०९।०९ | याफु सडक सरसफाई योजना उपभोक्ता समिति | याफु सडक सरसफाई योजना | ४७०८४१ |
| जम्मा | | | ४१६८६७४ |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १८ सार्वजनिक निर्माण व्यवस्थापन

सार्वजनिक निर्माण व्यवस्थापन सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छनः-

१८.१ निर्माण कार्यको लगतः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन ।यस पालिकाले गत विगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१८.२ कार्य सम्पन्न प्रतिवेदन: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ । त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

१८.३ डि.एल पि.अभिलेखः सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्‍याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी.मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन।यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको एकिन गर्ने सक्ने अवस्था रहेन।अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१८.४ एज विल्ट ड्रइङ्ग - सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित ठुला योजनाको समेत एज विल्ट ड्रइङ्ग पेश भएको पाईएन । यस्तो प्रतिवेदन पेश गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१८.५ गुणस्तर परिक्षणः सार्वजनिक खरिद तथा निर्माण संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामग्रीहरु रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण ठुला केही ठेक्काहरुमा गरेको प्रमाण पेश भए पनि अधिकांश साना ठेक्काहरु र उपभोक्ता समितिहरुबाट भएका निर्माण कार्यको परिक्षण भएको पाईएन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

सैद्धान्तिक बेरुजु

१९ **नमुना विद्यालय भवन निर्माण निकासा**

कार्यक्रम कार्याक्रम पुस्तिका २०८१ अनुसार नमुना विद्यालयमा प्राप्त भौतिक पूर्वाधार निर्माण वापत प्राप्त रकमबाट निर्माण भइ कार्य सम्पन्न गरी तोकिए बमोजिमको ढाँचामा नापी किताव/कार्यसम्पन्न प्रतिवेदन लगायतको कागजात सहितको प्रतिवेदन स्थानीयत तहमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष सगरमाथा माध्यमिक विद्यालयलाई नमुना विद्यालय अनुदान कार्यक्रम अन्तर्गत विद्यालयको क्रमागत भवन निर्माणको लागि बिद्यालयको खातामा गो.भौ.नं.१४।०३।२२ बाट रु.१००००००००।०० निकासा गरेको छ । सगरमाथा माध्यमिक विद्यालयलाई नमुना विद्यालय अनुदान कार्यक्रम अन्तर्गत भवन निर्माण लगायतमा दिएको रकमबाट निर्माण कामको भौतिक प्रगति तथा खर्च नभएको अवस्था समेत बजेट फ्रिज नगराउने उद्धेश्यले पुन रकम निकासा दिदै बैंक खाता रोक्का राख्ने काम नियमसम्मत देखिदैन । पालिकाबाट प्राप्त बिबरण अनुसार बिद्यालयलाइ हालसम्म दिएको निकासा र खर्चको बिबरण देहाय अनुसार देखिएको हुदा आगामि दिनमा निर्माण कामको प्रगतिको आधारमा निकासा दिनुपर्दछ । प्रचलित कानून अनुसार बिद्यालय भवन निर्माण काम सम्पन्न गरी निकासा दिएको रकमको पूर्ण सदुपयोग भएको सुनिश्चितता पालिकाले गरी निकासा रकमको बिल भरपाइ तथा ठेक्का प्रक्रियाको समेत श्रेस्ता पेश गरि लेखापरीक्षण गराउनुपर्दछ । यसरि सगरमाथा माध्यमिक विद्यालयलाई गत बिगत बर्षहरुमा दिएको रकम सहित यस बर्ष निकासा दिएको रकम रु.१००००००००।०० को प्राबिधिक मूल्यांकन पेश नभएको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००,००० |

२० **सवारी साधन खरिद**

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत तोकिएको कार्यमा खर्च गर्ने र सवारी साधन खरिद गर्न नहुने उल्लेख छ। कार्यालयले यस वर्ष निम्न अनुसार रु.७९८९०० सवारी साधन खरिद गर्दा उल्लेखित व्यवस्थाको पालना नगरी खर्च गरेको छ । कानुनको पालना गर्नुपर्ने देखिन्छ

| भौ.नं./मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| २३३।३।२२ | श्री गणेश अनन्त ट्रेडर्स | मोटरसाइकल १ थान खरिद | ७९८९०० |

सैद्धान्तिक बेरुजु

२१ **एकै फर्मसँग सिमा भन्दा बढी खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ साथै सार्वजनिक खरिद नियमावलीको दफा ८५ मा दश लाखसम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सक्ने व्यवस्था रहेता पनि एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ती फर्म वा संस्थावाट एक पटक भन्दा बढी टुक्रा टुक्रा गरी प्रतिपर्धालाई सिमित पार्ने गरी सोझै खरिद गर्न नसकिने व्यवस्था छ । नमुना छनौट गरी परिक्षण गर्दा पालिकाले देहाय अनुसारको एउटै प्रकृतिको खरिद कार्य पटक पटक गरी दश लाख भन्दा कमको लागत अनुमान बनाई सोझै खरिद गर्नु नियम सम्मत नदेखिएको रु.

| गो.भौ.नं. | आपुर्तिकर्ताको नाम | वापत | रकम |
|---|---|---|---|
| ३१९।१२२४ | सर्भे हायस इन्टरप्राइजेज | ईन्जिनियरिङ सामाग्री खरिद | ९२०९५ |
| ४४।११।१२ | सर्भे हायस इन्टरप्राइजेज | टोटल स्टेशन खरिद | ९३११२० |
| ६०।११।२० | बज्राचार्य सप्लायर्स | कार्यालय मेसिनरी साधन खरिद | ९८१९७० |
| २६२।११।२७ | बज्राचार्य सप्लायर्स | संचार खर्च | ३२०१२ |
| ४८८।३।९ | बज्राचार्य सप्लायर्स | संचार खर्च | ५७००० |
| जम्मा | | | २०९४१९७ |

| अनियमित भएको | २०,९४,१९७ |
|---|---|

२२ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२३ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १३.४७ देखि ०.५७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सिसुवाखोला स्वास्थ्य चौकी तला थप निर्माण योजना | २। ०८१। ८२ | इशाक ग्रीन कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. | ९४९९९६३.१३ | ९४४६०३९.३२ | ०.५७ |
| २ | माङतेवा दिवुङ सामुदायिक स्वास्थ्य इकाई बर्थिङ्ग सेन्टर निर्मा० | १। ०८१। ८२ | इशाक ग्रीन कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. | २५५१२२३.०६ | २५०२३०० | १.९२ |
| ३ | याफु आधारभुत स्वास्थ्य केन्द्र ट्रष्ट भवन सुदृढीकरण योजना | ४। ०८१। ८२ | बालाली निर्माण सेवा | २४९९११८.६६ | २१६७११८.५८ | १३.४७ |
| ४ | दाङखिला सामुदायिक स्वास्थ्य इकाई दुई कोठे भवन निर्माण योजना | ३। ०८१। ८२ | इशाक ग्रीन कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. | १९१७६१२.८ | १६५९९४८.४१ | १३.४४ |

सैद्धान्तिक बेरुजु

२४ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **इन्जिनियरिङ सुविधा**

सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यसँग सम्बन्धित आइटमहरु मात्र समावेश गर्नुपर्ने र २०६९।१।८ पछि ठेक्का सम्झौता गर्दा निर्माण कार्यसँग असम्बन्धित खर्चहरु ठेक्कामा समावेश नगर्न सार्वजनिक लेखा समितिले निर्णय गरेको छ । पालिकाले ठेक्का नं.NCB-SRM-Bridge-02-078/79 सिसुवाखोला मोटरेवल व्रिज निर्माण कार्यमा निर्माण व्यवसायी अमर कुङ्शालिङ्ग जे.भि लाई ईन्जिनियरिङ्ग सुविधा स्वरुप साइट अफिसको लागि रु.१५५९७० निर्माण कार्यको ठेक्काको वि.ओ.क्यु आइटमा राखी रु.१५५९७० भुक्तानी गरेको छ । निर्माण कार्यको वि.ओ.क्युमा ईन्जिनियरिङ्ग सुविधा स्वरुप साइट अफिस समावेश गरी निर्माण व्यवसायीलाई भुक्तानी दिएको निमयसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५५,९७० |

२६ **स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम**

२६.१ स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार सिलीचोङ गाउँपालिका र छुमा गणेश चेनलिङ्ग जे.भी विच ३६ महिना भित्र रु.७,१७,३७,५६०.५७ मा सम्पन्न गर्ने गरी २०७९।०३।३१ मा प्रशासकीय भवन निर्माण सम्झौता भएको थियो । कार्यविधिको वुँदा नं. १२ अनुसार

गाउँपालिकाको लागि वढीमा रु.९ करोड लागत अनुमान भएको आयोजनाको लागि ६० प्रतिशतसम्म नेपाल सरकारले वजेट उपलव्ध गराउन सक्ने उल्लेख रहेकोमा स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमा तेस्रो रनिङ्ग रु.१४८९०९९३ खर्च भएको देखिन्छ । यस सम्बन्धी देखिएका व्यहोराहरु यस प्रकार रहेका छन् ।

सैद्धान्तिक बेरुजु

२६.२ म्याद थप : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले भारी बार्षतको कारण मालसामान ढुवानीमा परेको समस्या देखाई म्याद थप गर्ने गरेको देखिन्छ । तर निर्माण व्यवसायीले काममा कार्य तालिका अनुसार प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।

| **ठेक्का नं** | **ठेक्काको विवरण** | **सम्झौता मिति** | **सम्झौता रकम** | **सम्पन्न गर्नुपर्ने मिति** | **हाल सम्मको भुक्तानी** | **म्याद थप अबधि** | **सुरु अबधिको म्याद थप प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| **१५।०७८।७९** | **गा.पा प्रा।शासनिक भवन निर्माण** | **२०७९।०३।३१** | **७१७३७५६०.५७** | **२०८२।०३।१०** | **१४८९०९९३** | **१८ महिना** | **५० प्रतिशत** |

सैद्धान्तिक बेरुजु

२६.३ कार्य प्रगतिः सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीसँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८२।०३।१० मा सम्पन्न गर्नुपर्ने १८ महिना म्याद थप पछि २०८३।०९।०९ देखिन्छ । निर्माण व्यवसायिले यो बर्षको अन्त्यसम्म तेस्रो रनिङ्ग विल सम्मको प्राविधिक मुल्याङ्कन रु.१७८९०९९४.२० (मुअकर समेत) गरी रु.१४८९०९९३ भुक्तानी भएको देखिन्छ । निर्माण कार्यको प्रगतिको विश्लेषण गर्दा यो वर्षको अन्त्य सम्म करिव २४.९४ प्रतिशत भौतिक तथा करीव २०.७८ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ । सम्झौता वमोजिम वित्तिय तथा भौतिक प्रगति निर्माण व्यवायीले पेश गरेको कार्य तालिका अनुसार हाँसिल गरेको देखिएन । सम्झौता तथा प्रचलित खरिद कानुन वमोजिम समयमा निर्माण कार्य सम्पन्न गर्न र गराउने कार्य तालिका अपडेट गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## २७ विद्यालय र शिक्षा

२७.१ **शिक्षा :** पालिकाले वित्तिय हस्तान्नतरण अन्तर्गतका कार्यक्रमहरु सञ्चालन गरी खर्च गर्दा स्विकृत कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था छ । शिक्षा तर्फको कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०८० को व्यवस्था अनुसार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका कार्यक्रमहरुको अवस्था निम्नाअनुसार देखिएको छ ।

· पालिका अन्त्रगत रहेका सामुदायिक विधालयहरुका सबै त्रियाकलापहरुको कार्यपालिका बाट नियमित रुपमा अनुगमन गर्ने व्यवस्था छ । पालिकाले विद्यालय अनुगमन मापदण्ड निर्धारण नगरेको साथै अनुगमन गरि प्रतिवेदन समेत तयार गरी सार्वजनिक गरेको पाईएन ।

· पालिकाभित्र रहेका सम्पूर्ण निजि विद्यालयहरुका निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र अनुगमन गर्नुपर्ने व्यवस्था रहेकोमा निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र मापदण्ड बमोजिम अनुगमन गरेको छैन । शुल्क निर्धारण र त्यसको कार्यान्वियनको अनुगमन गरेको र अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।

· कार्यालयले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड नबनाएको र मापदण्ड बमोजिम अनुगमन गरेको छैन अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरि प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा सो वमोजिम कुनैपनि त्रियाकलाप सञ्चालन गरेको पाईएन ।

सामुदायिक विद्यालयको अभिलेख अद्यावधिक र प्रत्येक विद्यालयका शिक्षक र कर्मचारीको अभिलेख अद्यावधिक भएको विवरण नरहेको, साथै अभिलेख बमोजिम निकासा अभिलेख खाता नरहेको र निकासा अभिलेख खाता र निकासा रकम भिडान भएको पाईएन । विद्यालयहरुले शिक्षक तथा कर्मचारीहरुको यथार्थ अभिलेख अद्यावधिक गरी सोही बमोजिम निकासा अभिलेख खाता भिडान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७.२ **शिक्षकको पारिश्रमिक कर :** आयकर ऐन २०५८ को दफा ८९ ले अनुसुचि १ वमोजिमको वार्षिक आयको गणना गरी पारीश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले विभिन्न विद्यालयका शिक्षकहरुको तलब, भत्ता निकाशा गर्दा बार्षिक रुपमा लाग्ने पारिश्रमिक करको विवरण पेश गरेको छैन् , विद्यालयहरुबाट बार्षिक लेखापरिक्षण प्रतिवेदन समेत प्राप्त नभएकोले सम्बन्धित विद्यालयहरुबाट शिक्षकहरुको पारिश्रमिक कर कट्टा भए नभएको बारेमा यकिन हुन सकिएन । पालिकाले यस सम्बन्धमा यकिन गरि पारिश्रमिक कर कट्टा नभएमा असुल गरि संघिय संचितकोष दाखिला हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७.३ **निकासा अभिलेख खाता:** गाउँपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन गाउँपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७.४ **बिद्यालयहरुको लेखापरीक्षण :** गाउँपालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । गाउँपालिका अन्तर्गत ३५ सामुदायिक विद्यालयहरु छन् । ती सबै बिद्यालयहरुको समयमै लेखापरीक्षण गराउनुपर्दछ । साथै कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी गाउँपालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७.५ **प्रारम्भिक बाल बिकास सहजकर्ता :-** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८० को क्रियाकलाप नम्बर १.१.४.१(१.१) अनुसार स्वीकृत कोटा र स्थानीय तहको आफ्नै स्रोतबाट सञ्चालनको अनुमति प्राप्त बाल विकास केन्द्रको छुट्टाछुट्टै अभिलेख तयार गरि प्रारम्भिक बाल विकास शिक्षकको पारिश्रमिक प्रति महिना रु १०००० का दरले चाडपर्व खर्चसहित १३ महिना बराबरको रकम र बार्षिक रु १०००० पोशाक खर्च सहित विद्यालयको खातामा अनुदान उपलब्ध गराउनुपर्ने र यसरि अनुदान उपलब्ध गराउदा सम्बन्धित विद्यालयले प्रमाणित हाजिरी र सिफारिस पेस गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न २८ वालविकास शिक्षकहरुलाई अनुदान रकम स्वरुप विभिन्न विद्यालयहरुलाई रु ३९२०००० निकाशा गरेकोमा बाल बिकास केन्द्रबाट प्रमाणित हाजिरी र सिफारिस नआएकोले बाल बिकास केन्द्र शिक्षकको प्रमाणित हाजिरी र सिफारिस पेश भएपश्चात रकम निकाशा गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२७.६ **दिवा खाजा :-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.११.१ अनुसार प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मका विद्यार्थी संख्याको आधारमा वार्षिक १८० दिनका लागि प्रति विद्यार्थी रु १५ को दरले रकम निकाशा गर्नुपर्ने व्यवस्था रहेको छ । यसरि रकम निकाशा गर्दा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गर्नुपर्ने, IEMIS मा रहेको विद्यार्थी संख्या यकिन गर्नुपर्ने, पछिल्लो त्रैमासिकमा रकम निकाशा गर्दा भौतिक रुपमा पूरा कक्षा चलेको दिनलाई प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था रहेको छ । IEMIS मा रहेको कक्षा ५ सम्मको विद्यार्थी संख्या जम्मा १०२२ रहेको देखियो । गो.भौ.नं २०८, २०९, २१० अनुसार कार्यालयले यस वर्ष जम्मा रु. २५,६०,१५०/- बराबरको विभिन्न ३५ विद्यालयहरुलाई दिवा खाजा वापत भुक्तानी दिएको छ । निकाशा दिदाँ तोकिएका मापदण्ड तथा निर्देशिकाको पूर्ण पालना गरि दिवा खाजाको रकम निकाशा गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२७.७ **विद्यार्थी निर्वाह खर्च :-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.५० (२.६) अनुसार प्रति वद्यार्थी लागत अनुदान अन्तर्गत व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि विद्यालयलाई निकाशा गरेको अनुदान मध्ये विद्यार्थी निर्वाह खर्च स्वरुप प्रति महिना १ हजारका दरले रकम सम्वन्धित विद्यार्थीको बैङ्क खातामा उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले भौ न १०९ मिति २०८१/१२/२१ बाट सगरमाथा उच्च मा.वि.का विद्यार्थीलाई रु. ७१२७४ भुक्तानी गरेकोमा सम्बन्धित विद्यार्थीहरुको बैंक खातामा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ७१,२७४ |
|---|---|

२७.८ **गैरआवासीय छात्रवृत्ति :-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८० को क्रियाकलाप नं. ७.२.१.१ को ४.२ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई गैरआवासीय छात्रवृत्ति वितरण सम्बन्धि व्यवस्था रहेको छ । कार्यालयलले भौ.नं. १२४ मिति २०८०।१२। १५ बाट यस वर्ष छात्रवृत्तिमा रु ३४२००० रकम खर्च गरेकोमा विद्यार्थीहरुको तथ्याङ्क यकिन गरि सत्यापन गराई प्रमाणित नगरेकोले निकासा भएको रकम सहि हो भनि यकिन हुन सकिएन । नमुना छनोट गरि परिक्षण गरिएकोमा लेखापरिक्षण अवधिसम्म अध्यावधिक भएको IEMIS DATA लाई आधार लिएर परिक्षण गरिएकोमा केही विद्यालयहरुलाई छात्रावृत्ति रकम बढी निकाशा भएको देखियो । अत पालिकाले विद्यार्थीहरुको वास्तविक तथ्याङ्क यकिन गरेर मात्र विद्यालयहरुलाई भुक्तानी दिनुपर्दछ । अत निम्न विद्यालयहरुलाई बढी भुक्तानी भएको रकम फिर्ता गर्नुपर्ने रु.

| क्रम | बिद्यालयको नाम | बढी रकम |
|---|---|---|
| ६८.१ | कालिका मा.वि. | ६३० |
| ६८.२ | बागिश्वरी आ.वि. | ३१५ |
| जम्मा | | ९४५ |

| असुल गर्नुपर्ने | ९४५ |
|---|---|

२७.९ **निशुल्क पाठ्यपुस्तक:-** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८1।८2 को क्रियाकलाप नं २.४.६.१ अनुसार प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान दिने व्यावस्था रहेको छ । यसरि अनुदान उपलब्ध गराउदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी पाठ्यपुस्तकको सङ्ख्या यकिन गरेर मात्र पहिलो पटकमा ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले विभिन्न विद्यालयहरुलाई विल भरपाईको आधारमा रु १२,४५,०००/- रकम निकाशा गरेकोमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गरी भुक्तानी दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२७.१० **शिक्षण सिकाई अनुदान:-** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१ को क्रियाकलाप न २.७.१३.५० अनुसार प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान दिने व्यवस्था रहेको छ । यसरी अनुदान दिदा विद्यार्थी संख्या यकिन गर्नुपर्ने र यकिन गरिएको प्रत्यके तहगत विद्यार्थी संख्यालाई निर्धारण गरिएको प्रति विद्यार्थी लागत रकमले गुणन गरी आएको रकम विद्यालयलाई अनुदान दिनुपर्दछ । कार्यालयले कुन विद्यालयका कति विद्यार्थी संख्या हुन सो बारेमा स्थलगत निरिक्षण नगरिकनै IEMIS मा देखिएका विद्यार्थी संख्याको आधारमा मात्र रकम निकासा गरेको छ । यसरी रकम निकाशा गर्दा विद्यालयले बढि संख्या देखाउने र बढि रकम निकाशा हुने जोखिम रहन्छ, तसर्थ स्थलगत अनुगमन र निरिक्षण गरेर मात्र वास्तविक विद्यार्थी संख्या यकिन भएपश्चात मात्र अनुदान रकम निकाशा गर्नुपर्दछ ।भौ न १०९, मिति २०८१/१२/२१ मा पालिकाभित्र रहेका ३५ विद्यालयहरुलाई कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरुलाई जम्मा रु ५,४७,७५० निकाशा गरेकोमा लेखापरिक्षण अवधिसम्म अध्यावधिक भएको IEMIS DATA लाई आधार लिएर परिक्षण गरिएकोमा देहायबमोजिमका बिद्यालयहरुलाई बढी संख्यामा रकम निकाशा भएकोले सम्बन्धित विद्यालयबाट बढि भएको रकम असुल गर्नुपर्ने रु

| क्रस | विद्यालयको नाम | निकाशा हुनुपर्नेरकम | निकाशा भएको रकमरु | फरक रकम रु |
|---|---|---|---|---|
| ५ | महेश्वरी आ. वि. | ४८०० | ७६५० | २८५० |
| जम्मा | | | | २८५० |

| असुल गर्नुपर्ने | २,८५० |
|---|---|

२७.११ **शिक्षक दरबन्दी र पदपुर्ति:** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३5 सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| विभिन्न ३५ विद्यालय | १५४ | १५४ | २६ | १८५० |

| सैद्धान्तिक बेरुजु |
|---|

२८ **न्यानो झोला**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ७ बर्थिङ सेन्टरमा यस वर्ष १०० थान को रु. ८८४०० मा खरिद गरेकोमा खर्च भएर यस वर्ष ५० थान झोला बाँकि मौज्दात रहेको अभिलेखबाट देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **गरिवी निवारणको लागि लघु उद्यम कार्यक्रम**

२९.१ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेडपा) संचालन कार्यविधि, २०७७ अनुसार पालिकाले गरिबी निवारणको लागि अघु उद्यम कार्यक्रम अन्तर्गत विभिन्न क्रियाकलाप सञ्चालन गरेको छ । यस सन्दर्भमा देखिएका व्यहोराहरु देहाय बमोजिम छ ।

सैद्धान्तिक बेरुजु

२९.२ **गरिबी निवारणका लागि लघु उद्यम तालिम :-** गोश्वारा भौचर नं १९०।२०८२-०३-०४ अनुसार सर्फ तथा साबुन बनाउने तालिम वापत २३४७०६।– भुक्तानी गरेको छ । सो तालिममा ३० जनालाई सहभागि गराइएको छ । गो.भौ.नं २०८।२०८२-३-९ अनुसार २५ दिने बाँसजन्य हस्तकला फर्निचर सामाग्रि बुनाइ तालिम वापत रु १२८०७० भुक्तानी गरेको छ । उक्त तालिममा सहभागि हुन पाउने आधार एकिन गरीएको छैन । यस किसिमको तालिममा सहभागी हुन पाउने स्पष्ट आधार यकिन गरी लागत सहभागिता समेत हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९.३ **उत्पादित सामाग्रीको अभिलेखः-** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ३९ मा उत्पादित वस्तुको गुणस्तर तथा विक्रि सम्बन्धि व्यवस्था रहेको छ । जस अन्तर्गत तालिमबाट उत्पादित सामान वा वस्तुको गुणस्तर कायम गराउनु सम्बन्धित प्रशिक्षकको दायित्व हुनुपर्ने तथा उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखि परल मूल्यको पचास प्रतिशत छुटमा सहभागिलाई नै विक्रि गर्न सकिने व्यवस्था उल्लेख छ । तालिम सञ्चालनमा यो वर्ष गो.भौ.नं १९० र गो.भौ.नं २०८ बाट जम्मा रु ४४२७७६ खर्च भएको छ । तालिम सञ्चालनका क्रममा उत्पादित विभिन्न सामाग्रीको वितरण तथा अभिलेख के कुन अवस्थामा छन् सो सम्बन्धमा कुनै विवरण प्राप्त हुन सकेन । तालिम सञ्चालनको क्रममा उत्पादित सामाग्रीहरुको व्यवस्थित अभिलेख राखि ५० प्रतिशत छुटमा सहभागिलाई विक्रि गर्नुपर्दछ । अन्यथा जिन्सी दाखिला गरी आम्दानी बाध्नुपर्छ ।

सैद्धान्तिक बेरुजु

२९.४ **अनुगमनः-** गरिबी निवारणका लागि लघु एद्यम विकास कार्यक्रम(मेडपा) संचालन कार्यविधि, २०७७ को परिच्छेद ७ मा उपाध्यक्ष ज्यु सहित अन्य ५ जनाको सहितको अनुगमन तथा मुल्याङ्कन समिति गठन सम्बन्धी व्यवस्था छ । भने कार्यविधिको बुँदा नं ३२(३) मा भुक्तानी प्रकृयालाई बढी पारदर्शी र विश्वसनीय गराउन उद्यम विकास समितिले अनुगमन उपसमितिबाट नियमितरुपमा व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुको कार्यप्रगति अनुगमन (कम्तीमा ३ पटक) / मूल्याङ्कन गर्ने व्यवस्था छ । तर पालिकाबाट कार्यविधिमा

भएको व्यवस्था अनुरुपको कार्य भएको देखिदैन । तसर्थ सम्पादित तालिमबाट लक्षित उदेश्य प्राप्त भए नभएको सम्बन्धमा विश्लेषण गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

## ३० पकेट कार्यक्रकको अनुगमन

सार्वजनिक निकायवाट उपलब्ध गराईएको अनुदानको सहि सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले कृषि,पशु तथा विभिन्न संस्थालाई वीउ पुँजी तथा अनुदानमा खर्च लेखेका छन। पालिकाबाट अनुदानग्राहि छनौटको स्पष्ट मापदण्ड तयार नगरेको तथा मागको आधारमा खरिद गरि वितरण गरेको पाईयो । यसै गरी पालिकावाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन ।तसर्थ अनुदान लाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानिय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा आएको सुधार यकिन गर्दै रकमको पुर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्दछ । अनुदानका केहि उदाहरणहरु देहाय बमोजिम छन ।

| गौ. भौ. नं. र मिति | अनुदान पाउने। | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १९३।२०८२/०३/०८ | सल्लेरी कृषि तथा पशु फर्म | नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम | १,४६,७९३ |
| १९४।२०८२/०३/०८ | सुनाखोरी कृषक समुह | नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम | २,४२,३०० |
| १९५।२०८२/०३/०८ | देवायोङ्ग कृषि तथा पशु फर्म | अदुवा खेती प्रबर्द्धन कार्यक्रम | १००००० |
| २००।२०८२/०३/०९ | धन चन्द्र कृषि फर्म | नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम | १,४०,५१६ |
| २०४।२०८२/०३/०९ | धेङखर्क कृषि तथा पशुपालन फर्म | नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम | १,५०,००० |
| २४५।२०८२/०३/१६ | कालिका कृषि सहकारी संस्था लि | नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम | २,४८,४८० |
| २४९।२०८२/०३/१८ | जलकन्या कृषक समुह | नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम | १,६६,०४४ |
| जम्मा | | | १२००००० |

सैद्धान्तिक बेरुजु

## ३१ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चारलन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचिमा समावेश भएकाहरूलाई प्राथमिकरण गरी विकासात्मक कार्यका लागि रोजगार कार्यक्रम सञ्चामलन गराई रोजगार दिनुपर्ने व्येवस्थाई रहेको छ । यो कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो सरसफाइ तथा सडक स्तरोन्नति कार्यक्रम सञ्चालन गरी यस वर्ष १२ वटा योजनाहरुमा लाई औसतमा ९६ दिनका दरले ६८२६ दिनसम्म रोजगारी उपलव्ध गराई श्रमिक ज्यालामा रु. ४५५९७६८/- र प्रशासनिक तथा कार्यक्रम खर्च रु.२७०१९५६.५/- गरी कुल रु. ७२६१७२४.५/- खर्च गरेको छ ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । पालिकाले दीगो विकास तथा दीर्घकालीन रोजगारी सृजना हुने प्रकृतिका योजना सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । पालिकाले सञ्चालन गरेको प्रधानमन्त्री रोजगार कार्यक्रमको केही उदाहरणहरु देहाय बमोजिम छन् ।

**(विस्तृत विवरण बेरूजु दफा ३१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

३२ **सामाजिक सुरक्षा भत्ता वितरण:-**

३२.१ **चौमासिक वितरण अवस्था:-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले यस वर्षको सामाजिक सुरक्षा भत्ता सोझै ई.एफ.टि. मार्फत लाभग्राहीको बैंक खातामा वितरण गरेको छ । यस आर्थिक वर्षमा पहिलो, दोस्रो, तेस्रो र चौथो चौमासिक गरि जम्मा रु. ५,६२,००,६२०।-।- सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३२.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

३२.२ **दोहोरो नागरीकता नम्बर:-** नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका ५ वटा वडाको प्रथम त्रैमासिकको नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नं. दोहोरो परेको देखिन्छ । यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यदि दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३२.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

३२.३ **मृत्यु भएका लाभग्राहीलाई भत्ता :-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को अनुसुची १०(९)बमोजिम निष्कृय खाताहरुको विवरण तोकिएको समयमा पालिका तथा पञ्जिकरण विभागमा पठाउनुपर्नेमा पठाएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्याविधि २०७७ को बुँदा १५ अनुसार भत्ता खाइपाइ आएको कुनै लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था रहेको छ । कार्यालयले देहायबमोजिम लगत कट्टा भएका लाभग्राही खातामा रकम जम्मा भएको रकम, निकाशा भएको रकम र लगत कट्टा लागु हुने मितिको अभिलेख तयार गरेको देखिएन । तपशिल बमोजिम लगत कट्टा भएका लाभग्राहीको खातामा जम्मा भएको रकम र लगत कट्टा लागु हुने मितिसम्म जम्मा हुनुपर्ने रकम कार्यालयद्वारा यकिन गरि बढि भएको रकम असुल गरि संचित कोष दाखिला गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३२.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

३२.४

**अनुगमन तथा सुपरीवेक्षण :-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार सामाजिक सुरक्षा भत्ता वितरणलाई व्यवस्थित गर्न उप प्रमुखको संयोजकत्वमा अनुगमन तथा सुपरीवेक्षण समिति रहने र समितिले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मूल्याँकन तथा सुपरीवेक्षण गर्नुपर्ने व्यवस्था छ तर पालिकाले कार्यविधि अनुसार समिति गठन गरेको देखिदैन । कार्यविधि अनुसार कार्य गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ अनुसार बैक तथा वित्तिय संस्थाहरुले सामाजिक सुरक्षा बिशेष बचत खाताहरु मध्ये निष्कृय खाताको विबरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै केन्द्रिय पञ्जिकरण विभागलाई दिनु पर्ने व्यबस्था रहेको छ । कार्यालयले बैकबाट निष्कृय खाताको विबरण प्राप्त गरी सो खातामा बाँकी रहेको रकम संघिय संचित खातामा दाखिला गर्नु पर्दछ । यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।

**सार्वजनिक सुनुवाई :-** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ ।

**बैंक रुजु:-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ । तर पालिकाले सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिम ढाँचामा प्राप्त गरी आवश्यक छानबिन गर्ने गरेको छैन ।

**दोहोरो सुविधा अभिलेख :-** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ अनुसार कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति, सरकारी कोषबाट निवृत्तिभरण पाइरहेको व्यक्ति र अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, अवकाश सुविधा एंव अन्य सुविधा पाइरहेको व्यक्तिले सामाजिक सुरक्षा पाउने छैन ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरुमा यस किसिमको अभिलेख राखेको पाइएन । सो कारण सामाजिक सुरक्षा नपाउने व्यक्तिहरुको भिडान गर्न सकिएको छैन । आगामी दिनमा वडा कार्यायलयहरुले अभिलेख राख्नुपर्ने देखिन्छ ।

**निष्कृय खाता :-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले निस्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने ब्यवस्था छ । पालिकाले यस आ.व.मा प्रथम र द्धितीय त्रैमासिकको प्रभु बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा लेखापरीक्षणको क्रममा सम्पूर्ण निष्कृय भएको खाताको विवरण उपलब्ध हुन सकेन । निष्कृय रहेको रकम सम्बन्धित लाभग्राहीले पाउने अंश भए सो भुक्तानी गरि बाँकी रकम संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३३ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।कोशी प्रदेश स्थानिय सरकारी सेवाको गठन,सञ्चालन तथा सेवाको शर्तहरुका सम्वन्धमा बनेको ऐन २०८० को दफा १४ तथा सोही ऐनको दफा ८ को उपदफा १४ मा उल्लिखित पदहरु कम्प्युटर अपरेटर, हलुका सवारी चालक, कार्यालय सहयोगी जस्ता पदहरुमा मात्र करार सेवामा कर्मचारी व्यवस्थापन गर्न सकिने ब्यवस्था गरेको छ भने करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७४ बमोजिम इञ्जिनियर, कृषि अधिकृत, सब इञ्जिनियर जस्ता रिक्त प्राविधिक पदमा समेत कर्मचारीको व्यवस्थापन गरेको छ। गाउँपालिकाले विभिन्न पदका कर्मचारीहरु करार तथा ज्यालादारीमा राखि यस आ व मा रु ४३९२०००। खर्च लेखेको छ ।पालिकाले रीक्त पदमा सोहि ऐनको दफा १२ बमोजिम माग आकृति फारमका आधारमा दफा ११ बमोजिम प्रदेश लोकसेवा आयोगमार्फत पदपर्ति गर्नुपर्ने ब्यवस्था अवलम्वन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३४ **करार कर्मचारी सञ्चयकोष थप**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ ।त्यसैगरी नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई प्रदान गर्ने सुविधा सम्बन्धी व्यवस्थामा करारमा कार्यरत कर्मचारीहरुलाई सञ्चयकोष कट्टीमा थप गर्ने व्यवस्था रहेको देखिँदैन । पालिकाले सिलिचोङ गाँउपालिकाको करार कर्मचारी कल्याणकोष सम्वन्धि कार्यविधी २०७६ को आधारमा बिभिन्न करार कर्मचारीको मासिक तलवबाट आधारभुत तलवमानको १० प्रतिशत वरावरको रकम मासिक कट्टी गरी सोही वरावरको रकम पालिकाको तर्फबाट थप गरी सञ्चयकोषमा जम्मा गरेको पाइयो। संचयकोस थप सम्वन्धी कार्यविधी नबनाई फरक कार्यविधी करार कर्मचारी कल्याणकोष सम्वन्धि कार्यविधी २०७६ को आधारमा खर्च लेखेको रकम अनियमित रु

| | |
|---|---|
| अनियमित भएको | ४,७१,७४४ |

## ३५ म्याद ननाघेको पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले हाल सम्म जम्मा रु.९८,०४,००० पेश्की फस्र्यौट गर्न बाँकी देखिएकोमा म्याद ननाघेको रु.९८,०४,००० रहेको छ । यस वर्ष एक निर्माण व्यवसायीलाई रु.९९०००० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| सि.नं. | पेश्की लिनेको नाम | प्रयोजना | रकम |
|---|---|---|---|
| १ | इशाक ग्रीन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | सिसुवाखोला स्वास्थ्य चौकी भवन निर्माण योजना | ९,९०,०००.०० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ३६ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।०८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः।

| प्राप्ती | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु भौजात | ० | ४१५०८०४१.६१ | चालु तर्फ | ० | २३६८५४९०६.६५ |
| १. संचित कोष | ३५१२४८९८.५५ | | १. पालिका तर्फ | ९४३८८२२४.६१ | |
| २. धरौटी | ४९९६२३५.५८ | | २. संघीय सशर्त | १४१९३३६९३.०४ | |
| ३. विविध खाता | ९८४२२७.४८ | | ३. संघीय समपुरक | ० | |
| ४. प्रकोष कोष | ४०२६८० | | ४. प्रदेश सशर्त | ५३२९८९ | |
| यस बर्षको आय | ० | | ५. प्रदेश विशेष | ० | |
| १. आन्तरिक आय | २४६१५९२ | २४६१५९२. | पुँजीगत खर्च | ० | १३००३११७४. |
| २. वित्तीय हस्तान्तरण (संघ) | ० | ३४०७८३७९४.८६ | १. पालिका तर्फ | ९४५९४०५४ | |
| क) समानीकरुण अनुदान | ८७२६३७६० | | २. संघीय सशर्त | ११०५४६३८ | |
| ख) राजस्व बाँडफाँट | ७८८८६३८७.८६ | | ३. संघीय समपुरक | ६१२५६४७ | |
| ग) सशर्त अनुदान | १६८५०८००० | | ४. प्रदेश सशर्त | १०७२१८४९ | |
| घ) समपुरक अनुदान | ६१२५६४७ | | ५. प्रदेश विशेष | ० | |
| ङ) विशेष अनुदान | ० | | ६. प्रदेश विशेष | ० | |
| च) रोयल्टी | ० | | ७. प्रदेश समपुरक | ७५३४९८६ | |
| छ) अन्य | ० | | अन्तर सरकारी अख्तियारी (संघ) | ० | ५८८१०६१६. |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | ० | ३२८३६६७१.१८ | सामाजिक सुरक्षा | ५६२००६२० | |
| क) समानीकरुण अनुदान | ५७७७००० | | गरिवसँग विशेश्वर कार्यक्रम | ० | |
| ख) राजस्व बाँडफाँट | ६७५०९६८.१८ | | प्रशासकीय भवन | २६०९९९६ | |
| ग) सशर्त अनुदान | १२०८३००० | | अन्तर सरकारी अख्तियारी (प्रदेश) | ० | |
| घ) समपुरक अनुदान | ७५३४९८६ | | ऋण फिर्ता (साँवा) | ० | |
| ङ) विशेष अनुदान | ० | | ऋणको व्याज भुक्तानी | ० | |
| च) स्थानीय राजस्व बाँडपाँट | ६९०७१७ | | कार्य सञ्चालन कोषबाट भएको खर्च | ० | |
| छ) अन्य | ० | | अन्य कोषबाट भएको खर्च | ० | |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | ० | ५८८१०६१६. | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | ० | |
| क. सामाजिक सुरक्षा | ५६२००६२० | | अन्य सहयोगमा प्राप्त | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सञ्चालित योजना | | |
| ख. गरिवसँग विशेश्वर कार्यक्रम | ० | | अन्य खर्च भएमा | ० | |
| ग. प्रशासकीय भवन | २६०९९९६ | | अनुदान फिर्ता | ० | |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | ० | | संघ तर्फ | ० | १५५१९६६८.९६ |
| ६. ऋण/वित्तीय व्यवस्था | ० | | १) सशर्त अनुदान | १५५१९६६८.९६ | |
| ७. धरौटी आय | ३०५१५४५.४२ | ३०५१५४५.४२ | २) विशेष अनुदान | ० | |
| ८. कार्य सञ्चालन कोष आय | ० | | ३) समपुरक अनुदान | ० | |
| ९. अन्य कोष आय | ० | | प्रदेश तर्फ | ० | ८२८१६२. |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | ० | | १) सशर्त अनुदान | ८२८१६२ | |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | ० | | २) विशेष अनुदान | ० | |
| १२. अन्य आय भएमा | ० | | ३) समपुरक अनुदान | ० | |
| १३. विविध खर्च खाता | ४५१२७७.३३ | ४५१२७७.३३ | अन्तिम मौज्दात | ० | ३७८५९०१०.७९ |
| १४. प्रकोष व्यवस्थापन कोष | ० | | १. सञ्चित कोषको मौज्दात | २७९७३०४४.९८ | |
| | ० | | २. धरौटी | ८०४७७८१ | |
| | ० | | ३. कार्य सञ्चालन कोष | ० | |
| | ० | | ४. अन्य मौज्दात | १८३८१८४.८१ | |
| जम्मा | ४७९९०३५३८.४० | ४७९९०३५३८.४० | जम्मा | ४७९९०३५३८.४० | ४७९९०३५३८.४० |

**(विस्तृत विवरण बेरूजु दफा ३६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

### ३७ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५,६२,००,६२० र प्रशासकीय भवन निर्माण रु.२६,०९,९९६ समेत गरी रु.५,८८,१०,६१६ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

### ३८ कोषहरुको अभिलेख

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा रहेका कोष तथा साविक गाउँपालिकाका खाताहरुमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेको

छैन । पालिकाले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरुको अभिलेख अद्यावधिक गरी पालिकाको वास्तविक सम्पत्तीको अभिलेख पेश हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **अनुदान फिर्ता**

विनियोजन ऐन, २०८१ को दफा ६(१०) अनुसार संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६(१०) अनुसार प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका समानिकरण अनुदान बाहेकको अनुदानतर्फको खर्च नभई बचत भएको रु.१,४८,२४,३१७.९६ संघीय सञ्चित कोषमा २०८२।३।२५ मा फिर्ता गरेको छ । त्यस्तै प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका समानिकरण अनुदान बाहेकको अनुदानतर्फको खर्च नभई बचत भएको रु.१५,२३,५१३ प्रदेश सञ्चित कोषमा मिति २०८२।३।२५ मा फिर्ता गरेको छ ।

सैद्धान्तिक बेरुजु

४० **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.-७,८६,६१,२६९.७० यस वर्षको भुक्तानी रु.-७,८६,६१,२६९.७० र फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ४,१५,०८,०४१.६१ | ३५,९७,३४,२२७.०८ | ३६,३३,८३,२५७.९० | ३,७८,५९,०१०.७९ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४,१५,०८,०४१.६१ | ४३८३९५४९६.७८ | ४४२०४४५२७.६० | ३,७८,५९,०१०.७९ |
| फरक | ० | -७,८६,६१,२६९.७० | -७,८६,६१,२६९.७० | ० |

सैद्धान्तिक बेरुजु

४१ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन

तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८१।०३।१० मा रु.४१ करोड ५४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका अध्यक्षले मिति २०८१।०४।०२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.३७ लाख अबण्डा बजेट व्यवस्था गरी १५ योजना तथा कार्यक्रमहरुमा रु.२५,०४,९८७ खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | योजना/कार्यक्रम संख्या | बजेट | खर्च |
|---|---|---|---|---|
| १ | मर्मत संभार कोष | ६ | १०,००,००० | ९,११,६१७ |
| २ | आयोजना व्यवस्थापन खर्च | ५ | १५,००,००० | ११,००,९३६ |
| ३ | बिपदबाट क्षती भएका भौतिक पुर्वाधार पुनर्निर्माण | ४ | १२,००,००० | ४,९२,३९७ |
| जम्मा | | | ३७,००,००० | २५,०४,९८७ |

सैद्धान्तिक बेरुजु

४६ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१३ करोड पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १८८ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ८६ | ७ | १८ | ६१ |
| २. | वडास्तरीय | १०२ | ७ | ११ | ८४ |
| जम्मा | | १८८ | १४ | २९ | १४५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १७४ योजनामात्र कार्यान्वयन भई १४ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्या न्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | १३,००,३१,१७४ | ३९७३७३६. | ३७०१०४७. | ३२०७२६५५. | ९०२८३७३६. | ५०,६४,०१६ |
| प्रतिशत | १०० | ३ | ३ | २५ | ६९ | ४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१३,००,३१,१७४ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.३९७३७३६ (३ प्रतिशत), दोस्रो त्रमासिकमा रु.३७०१०४७ (३ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३२०७२६५५ (२५ .प्रतिशत) र चौथो त्रैमासिकमा रु.९०२८३७३६ (६९ प्रतिशत) खर्च गरेको देखिएको छ । अन्तिम त्रैमासिकमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अन्तिम त्रैमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **लक्ष्य प्रगती**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५% माथि प्रगति |
| कार्यक्रम संख्या | ५२५ | १०४ | १४ | १८ | २६ | ३४३ |

सैद्धान्तिक बेरुजु

५० **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स.** | **क्षेत्र** | **बजेट रकम** | **खर्च रकम** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,७२,७०,०००.०० | १,४२,८३,०५८.०० | ८२.७० |
| २ | सामाजिक विकास | १६,१२,९१,७००.०० | १४,८२,८८,९९७.०४ | ९१.९३ |
| ३ | पूर्वाधार विकास | १४,०९,४७,२८५.०० | १२,००,४३,४०९.०० | ८५.१६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५१,३१,०००.०० | ४९,७४,७६८.०० | ९६.९५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,५४,५९,९१३.५५ | ७,९२,९५,८४८.६१ | ७५.१९ |
| जम्मा | | ४३,००,९९,८९८.५५ | ३६,६८,८६,०८०.६५ | ८५.३० |

पर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा बढी ९६.९५ प्रतिशत र कार्यालय सञ्चालन तथा प्रशासनिकमा सबै भन्दा घटीमा ७५.१९ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

५१ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

वजेट व्यवस्थापनतर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र

व्यवस्थापन गरेको छैन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गरेतापनि सो अनुसार कार्य गरेको देखिएन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।

उपभोक्ता समिति तर्फ

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको छैन ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार भएको पुष्ट्याई हुने अवस्था छैन ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकंन गरेको छैन ।

भ्रमण खर्च व्यवस्थापनतर्फ

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेको तथा अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरिएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था छैन ।

शिक्षातर्फ

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन।

• मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको छैन ।

• कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्थाको पूर्ण कार्यान्वियन भएको छैन ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको छैन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको छैन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट गरेतापनि तथ्यांकमा एकरुपता रहेको छैन ।

विविध तर्फ

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको वा त्यसको अभिलेख राखेको छैन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको छैन ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको छैन ।

• खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी खर्च गर्ने परिपाटी रहेको छै न।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फारामको प्रयोग पुर्णरुपमा र उद्देश्यअनुरुप प्रयोग र अभिलेख राखेको छैन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

